# श्री क्षिरेश्वर सामुदायिक वन उपभोक्ता समुह

## क.न.पा.-१४, चन्दनपुर, सिन्धुली

## गोलिया काठर दाउरा बोलपत्र द्वारा लिलाम विक्रीको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८२।०३।०४ गते)

यस समूहको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा संकलन हुन आएका निम्न जातको गोलिया काठ हाल जे जस्तो अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी कायम भएको न्यूनतम मूल्याङ्कन दरमा नघटाई सिलवन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।सुचिकृत भएका वन पैदावार कारोवार गर्ने उद्देश्य राखी दर्ता भएका उद्योगी वा कम्पनीका व्यवसायीहरुले यो सूचना नँया पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२।०३।०४ मा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र तपशिलमा तोकिएको स्थानबाट बोलपत्र खरीद गरी निम्न रीत पुर्‍याई बोलपत्र तोकिएको स्थानमा दाखिला गर्न हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### तपशिल

१) लिलाम हुने वन पैदावारको विवरण:

| क्र. सं. | लट नं. | जात | | ग्रेड | थान | क्यू.फि | प्रति क्यू.फि. दर | न्यूनतम मूल्य | जम्मा न्यूनतम मूल्य | जम्मा थान | जम्मा क्यू.फि | घाटगद्दी स्थान | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | गोलिया | A | २ | ३४.२४ | १२५० | ४२८०० | ५३०९२१ | ६५ | ६७७.०८ | क.न.पा.-१४, फुटवल चौर | |
| | | साल | गोलिया | B | २३ | ३४८.४७ | ९०० | ३१३६२३ | | | | | |
| | | साल | गोलिया | C | ३९ | २८७.२९ | ६०० | १७२३७४ | | | | | |
| | | साल | गोलिया | D | १ | ७.०८ | ३०० | २१२४ | | | | | |
| २ | २ | साल | गोलिया | A | ३ | ४४.२८ | १२५० | ५५३५० | ५४५२८३ | ८३ | ६८६.७७ | क.न.पा.-१४, फुटवल चौर | |
| | | साल | गोलिया | B | २८ | ३४९.५३ | ९०० | ३१४५७७ | | | | | |
| | | साल | गोलिया | C | ५२ | २९२.२६ | ६०० | १७५३५६ | | | | | |
| ३ | ३ | साल | गोलिया | A | १ | १४.०५ | १२५० | १७५६२.५० | ८४२०१.५० | १३ | १०५.२९ | क.न.पा.-१४, फुटवल चौर | |
| | | साल | गोलिया | B | ३ | ३९.६५ | ९०० | ३५६८५ | | | | | |
| | | साल | गोलिया | C | ९ | ५१.५९ | ६०० | ३०९५४ | | | | | |
| ४ | ४ | साल | दाउरा | चट्टा | | ४.५० | १२००० प्रति चट्टा | | ५४००० | | | " " | |

२. बोलपत्र फाराम प्रति लट रु. १०००।- तिरी (पछि फिर्ता नहुने गरी) यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय, सिन्धुली बाट मिति २०८२।०३।०४ गतेदेखि २०८२।०३।२४ गतेसम्म खरीद गर्न सकिनेछ ।

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय: २०८२।०३।२५ गते दिनको १२ बजे भित्र माथि उल्लेखित २ वटै स्थानमा दाखिला गर्न सकिनेछ ।

४. बोलपत्र साथ कवुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस समूहको रा.वा.वैंक, सिन्धुलीमा रहेको चल्ती हि.नं. १०६०१०००६८९७००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस समूहले रा.वा.वैंक सिन्धुलीवाट भुक्तानी पाउने गरी यस समूहको नाममा खिचिएको ड्राफ्ट समावेश राखी पेश गर्नुपर्नेछ ।

५. उपरोक्त कार्यालयहरुबाट विक्री तथा दाखिला भएका बोलपत्रहरु विक्री गर्ने उपरोक्त कार्यालयहरुबाट अन्तिम मितिको भोलिपल्ट यस समूहबाट संकलन गरी अन्तिम मितिको तेस्रो दिन यस समूहको कार्यालयमा खोलिनेछ ।

६. लिलाम वढावढ हुने वन पैदावर माथि उल्लेखित घाटगद्दी भएको स्थानमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन सुचिकृत भएका उद्योगी वा कम्पनी ले मात्र प्रोपाइटरको फर्मको प्रमाण पत्रको प्रतिलिपि, प्राइभेट फर्मको प्रमाण पत्र (नवीकरण भएको) प्रतिलिपि,सुचिकृत दर्ता प्रमाण पत्र र प्रतिनिधिद्वारा बोलपत्र खरीद गरिने भए प्रोपाइटरको इच्छा पत्र (छाप लागेको) समेत संलग्न राखी बोलपत्र फाराम माँग निवेदन सँग माथि उल्लेखित बैंक खातामा प्रति लट रु.१००० जम्मा गरेको बैंक भौचर साथ पेश गर्नुपर्नेछ ।

८. रीतपूर्वक माथि उल्लेखित कार्यालयहरुमा दाखिला हुन आएका बोलपत्रहरु दाखिला भएको भोलिपल्ट कार्यालय समयभित्र यस समूहको कार्यालयमा वडा जन प्रतिनिधी,सम्वन्धित सव डिभिजन वन कार्यालयका प्रतिनिधि र बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा खोलिनेछ ।

९. वोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोलिने कार्यमा वाधा पर्ने छैन ।

१०. वोलपत्र केरमेट नगरी अंक र अक्षर दुवैमा भरी पेश गर्नुपर्नेछ । केरमेट भए गरेमा अक्षरमा लेखिएको सकार अंकलाई कायम गरिनेछ ।

११. वोलपत्रदाताले बोलपत्र शिलवन्दी गरेको खामको वाँया तर्फ नाम, ठेगाना लेखी फर्मको छाप समेत लगाई खामको दाँयातर्फ अध्यक्षलाई सम्वोधन गरी सकार गर्ने लट नं. समेत उल्लेख गर्नुपर्नेछ ।

१२. म्याद नाघी, रीत नपुर्‍याई वा शर्त राखी वा अन्य कुनैपनि तरीकावाट आएको वोलपत्र उपर कार्यवाही गरिने छैन ।

१३. वोलपत्र खरीद, दाखिला र खोलिने दिन विदा पर्न गएमा सो कार्य सोको भोलिपल्ट वा समूहको कार्यालय खुलेको दिनमा हुनेछ ।

१४. लिलाम स्वीकृत भएको सूचना यस समूहको सूचना पाटीमा टाँस भएको मितिले ४५ दिन भित्र सकार गरेको रकम, मूल्य अभिवृद्धि कर, संकलन खर्च समेत वुभाई काठ/वन पैदावार उठाई लगि सक्नु पर्नेछ । म्याद भित्र उक्त रकम दाखिला गरी काठ नउठाए सम्वन्धित लटको धरौटि रकम जपथ गरी टेण्डर स्वत वदर हुनेछ।

१५. वोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस समूहमा सुरक्षित रहनेछ।

१६. विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

दिलमाया

दिलमाया थापा मगर

अध्यक्ष

(इती संवत २०८२ साल ३ को महिना ०४ गते रोज ४ शुभम ।)